मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २४ ◆ अङ्क : ३२० ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ असोज १९ गते आइतबार (Sunday, October 6. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**सूचना**

'लैङ्गिक हिंसा र दुर्व्यवहार:
छैन हामीलाई स्वीकार'
"Orange the World : #Hear Me to "

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# महराबिरुद्ध बल्ल जाहेरी

## काण्डै काण्डले मुलुककै बेइज्जत: देउवा

**झापा, असोज १८।** पूर्वसभामुख कृष्णबहादुर महराबिरुद्ध रोशनी शाहीले अन्तत: प्रहरीमा उजुरी दिएकी छिन् ।

आफूमाथि महराले बलात्कार प्रयास गरेको भन्दै उनले प्रहरीमा उजुरी दर्ता गराएकी हुन् । उनले नयाँ बानेश्वर प्रहरी वृत्तमा आफूलाई बलात्कारको प्रयास गरेको र त्यसको प्रतिवाद गर्दा आफूमाथि हिंसा गरेको भन्दै महराविरुद्ध उजुरी दर्ता गराएकी हुन् ।

प्रहरीले भने अदालत खुले लगत्तै अदालतको आदेश लिएर महरालाई पक्राउ गर्ने तयारी गरेको प्रहरी उच्च स्रोतले जनाएको छ । असोज १३ गते राति आफ्नै कोठामा महराबाट आफूमाथि बलात्कारको प्रयास भएको र कुटपिटसमेत गरिएको भन्दै पीडित शाहीले सोमवार 'हाम्रा कुरा डटकम' लाई बताएपछि घटना सार्वजनिक भएको थियो ।

शाहीले यस्तो बताए लगत्तै नेकपाको सचिवालय बैठकले महरालाई सभामुख र सांसद पदबाट राजीनामा गर्न निर्देशन दिएको थियो । तर महराले सभामुखबाट राजीनामा दिएपनि सांसद पद भने अझै त्याग गरेका छैनन् । सभामुखबाट राजीनामा दिए लगत्तै पीडित शाहीको बयान फेर्न महरापक्षले ठूलै कसरत गरेको देखिएको थियो ।

अघिल्लो दिन महराले आफूलाई बलात्कार गरेको भनेकी शाही भोलिपल्टै महरा पक्षका तीब्र दबाबमा उक्त दिन महरा आफ्नो कोठामै नआएको बताउन बाध्य पारिएकी थिइन् । अझ उनलाई तीनकुने प्रहरी वृत्तमा लगेर महराबाट





**महरा–रोशनी शाही प्रकरणको समाचार ब्रेक गर्ने पत्रकार अजयबाबु शिवाकोटीको सुरक्षाप्रति सबै क्षेत्रको चासो र चिन्ता**

आफूमाथि केही नभएको भन्दै निवेदन दिन लगाइएको थियो । रोशनीलाई उनका पतिले छोडपत्रका लागि सहमति गरेको भन्दै पत्र सार्वजनिक गरेका थिए ।

तर, फेरि प्रहरीसमक्ष उनले उजुरी दर्ता गराएकी हुन् । उनको उजुरीसँगै महरामाथि छानबिन गर्न प्रहरीलाई सजिलो भएको छ । यसअघि पीडितको उजुरी नआएको र महराबाट आफूलाई केही नभएको भन्ने निवेदन परेकाले कार्वाही गर्न नसकिएको प्रहरीले बताएको थियो । यद्यपि घटना भएको तेस्रो दिन असोज १४ गते प्रहरीले शाहीको डेरामा गएर महराले ल्याएको भनिएको रक्सीको बोतल, घम्साघम्सीमा भाँचिएको महराको चस्माको खुट्टा र कोठाबाट हतारमा निस्किँदा छुटेको जुत्ताको तलुवालगायत सामान बरामद गरेको थियो ।

यसैबीच महरामाथिको यौन दुर्व्यवहार आरोपका विषयमा प्रहरीले 'फरेन्सिक जाँच' गर्ने भएको छ । यौन दुर्व्यवहार भएको भनिएको 'क्राइम सिन' र पीडित शाहीका अभिव्यक्तिमा तालमेल नदेखिएपछि प्रहरीले कानूनी परामर्श र अपराध अनुसन्धान विज्ञहरूको सुझावका आधारमा फरेन्सिक जाँच गर्न लागेको हो ।

प्रहरी स्रोतका अनुसार शाहीको तीनकुनेस्थित कोठाबाट बरामद गरिएका सामान, उनले आफू 'डिप्रेसन पीडित' भएको व्यहोरासहित प्रहरीमा दिएको निवेदन र दुर्व्यवहार प्रकरणमा सभामुख पदबाट महराले दिएको राजीनामालाई एकैठाउँमा राखेर अनुसन्धान थालिएको छ । त्यसक्रममा आवश्यक परे शाही र महरा दुबैसँग बयान लिन सकिने प्रहरीले जनाएको छ ।

यसैबीच नेपाल पत्रकार महासंघ, नेपाल प्रेस युनियन र अनलाइन पत्रकार संघले पत्रकार अजयबाबु शिवाकोटीलाई समाचार लेखेकै भरमा धम्की आउन थालेकामा आपत्ति जनाउँदै उनको सुरक्षाप्रति ध्यान दिन सरकारसँग आग्रह गरेका छन् ।

उता नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले कम्युनिष्टहरु मुलुकको लागि कंलक भएको टिप्पणी गरेका छन् । काठमाडौमा शनिबार भएको एक कार्यक्रममा बोल्दै उनले कम्युनिष्टका काण्डै काण्डले मुलुककै बेइज्जत भएको आरोप लगाए ।

उनले महरा काण्डले मुलुकको शीर निहुरिएको भन्दै दुई तिहाईको सरकारले मुलकलाई बर्वाद बनाएको आरोप लगाए । उनले पीडित महिलालाई दुई तिहाईको बलमा डर, धम्की दिएर बयान फेर्न लगाएको भन्दै पीडितलाई न्याय दिनुको सट्टा पीडित बनाएको आरोप लगाए ।

**५ वर्ष जेल हुन सक्छ**

निवर्तमान सभामुख महरालाई शाहीमाथि बलात्कार प्रयास गरेको अभियोगमा कानून अनुसार ५ वर्षसम्म जेल सजाय हुन सक्छ ।

मुलुकी फौजदारी संहिता २०७४ अनुसार १८ वर्षभन्दा माथि उमेरका महिलालाई जबरजस्ती करणी गरेको अवस्थामा ७ देखि १० वर्षसम्मको कैद हुने व्यवस्था छ । जबरजस्ती करणीको प्रयास गरे त्यसको आधी सजाय हुने व्यवस्था संहिताले गरेको छ ।

यो कानून अनुसार निवर्तमान सभामुख महराले रोशनी शाहीमाथि जबरजस्ती करणीको प्रयास प्रमाणित भएमा साढे ३ देखि ५ वर्षसम्म जेल सजाय भोग्नुपर्नेछ । आफूलाई बलात्कार गर्न प्रयास गरेको र त्यसको प्रतिवाद गर्दा आफूमाथि हिंसा गरेको भन्दै शाहीले नयाँ बानेश्वर प्रहरी वृत्तमा शुक्रबार उजुरी दर्ता गराएकी छन् ।

प्रहरीले आइतबार अदालत खुलेपछि अदालतको आदेश लिएर महरालाई पक्रने तयारी गरेको छ । त्यसपश्चात अदालतमा उपस्थित गराउने छ ।

## टीकाको साइत बिहान १०:३५ बजे



**बिर्तामोड, असोज १८ ।** यसपालीको दशैंको टीकाको साइत बिहान १० बजेर ३५ मिनेटमा रहेको नेपाल पञ्चाङ्ग निर्णायक समितिले जनाएको छ ।

समितिका अध्यक्ष प्राध्यापक डाक्टर रामचन्द्र गौतमका अनुसार १२ गते आइतबार बिहान १० बजेर ३५ मिनेटमा घटस्थापनाको साइत रहेको यस बर्षको टीकाको साइत २१ गते मंगलबार बिहान १० बजेर ३५ मिनेटमा रहेको छ । त्यसअघि मंगलबार बिहानै ८ बजेर ४५ मिनेटमा देवी विसर्जनको शुभ साइत रहेको उनले जानकारी दिए । यस्तै, १३ सोमबार नेपाली सेनाको झण्डा फर्ने साइत बिहान १० बजेर २५ मिनेटमा रहेको छ । सेनाले पश्चिम फर्केर झण्डा फेर्दा राम्रो हुने उनको भनाइ छ । टीकाको उत्तम साइत बिहान १० बजेर ३५ मिनेटमा भए पनि टाढा पुग्नुपर्नेले भने छिटै टीका लगाउने गरेको पनि पाइन्छ ।

यसैबीच बडादशैंको आठौं दिन आज आइतवार मुलुकभर माता दुर्गा भवानीको पूजा आराधना गरी महाअष्टमी पर्व मनाइँदै छ ।

दशैंघर तथा जमराकोठामा दुर्गा भवानी, महाकाली, महासरस्वती र महालक्ष्मीको प्रतीकका रूपमा चामल, द्रव्य, जनै, सुपारी, फलफूल र नैवेद्यसहित नौ थुप्रा राखी दुर्गापूजा गर्नाका साथै फलामबाट बनाइएका हातहतियार र सवारी साधनलाई सफासुग्घर गरी बलिसहित पूजा गर्ने प्रचलन छ । काठमाडौं उपत्यकाभित्रका दक्षिणकाली, गुह्येश्वरी, मैतीदेवी, कालिकास्थान, नक्साल भगवती, भद्रकाली, शोभाभगवती, विजेश्वरी, इन्द्रायणी, रक्तकाली, बज्रयोगिनी, संकटा, बज्रबाराहीलगायत देशभरका शक्तिपीठहरुमा बलि चढाउने र पूजा आराधना गर्नेहरूको बिहानदेखि घुइँचो लाग्ने गर्छ ।

## सेल्फी खिच्दा तमोरमा बेपत्ता

**धनकुटा, असोज १८।** धनकुटा नगरपालिका-९ मूलघाटस्थित तमोर होटल नजिकबाट सेल्फी खिच्ने क्रममा तमोर नदीमा खसेर एक युवती बेपत्ता भएकी छिन् ।

शनिवार दिउँसो सवा ३ बजेको समयमा धनकुटा नगरपालिका-७ धनकुटा बजार बस्ने अन्दाजी २२-२३ बर्षीया सुजना कटुवाल साथीहरुसँग घुम्ने क्रममा उक्त घटना घटेको हो ।

घटनाबारे जानकारी पाउनासाथ जिल्ला प्रहरी कार्यालय धनकुटा र प्रहरी चौकी मूलघाटबाट प्रहरीको टोली खटिइ खोजतलास गरिरहेको जिल्ला प्रहरी कार्यालय धनकुटाले जनाएको छ ।

**दशैं शुभकामनासहित स्पेशल परिकारहरु**



२०७६को विजयादशमी, शुभदीपावली तथा छठ पर्वको पावन अवसरमा हाम्रा सम्पूर्ण ग्राहक, शुभचिन्तक, कर्मचारी तथा देशविदेशमा रहनुहुने सम्पूर्ण दाजुभाइ, दिदीबहिनीमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

हाम्रा स्पेशल परिकारहरु

चाइनिज, इण्डियन, कन्टीनेन्टल, नेपाली खाना, म:म, चाउमिन साथै सम्पूर्ण पेय पदार्थ ।

**तन्दुरी र विर्‍यानीको स्पेशल परिकार**

होम डेलिभरीको समेत व्यवस्था छ ।

**मिटिङ्ग पोइन्ट रेष्टुरेन्ट एण्ड बार**

मुक्तिचोक, भद्रपुररोड, बिर्तामोड


फोन नं. ०२३–५४६२१८, ९८५२६४०४७३

नेपालीहरुको लागि भरपर्दो सेवा

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को सम्पूर्ण पार्ट्सहरु १०% छुट गरिएको छ ।





यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**

पानीटंकीको पहिलो गल्ली दायाँ साइड

सम्पर्क : निशान्त– ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

**सञ्जीवनी अस्पतालमा विशेष डाक्टरहरूको सेवा**

| डा. सीपी यादव | डा. दीपक पौडेल |
| --- | --- |
| वरिष्ठ मुटु रोग विशेषज्ञ अब २४ सै घण्टा | वरिष्ठ नवजात शिशु तथा बाल रोग विशेषज्ञ |

दैनिक सेवाहरु:


- बालरोग सेवा
- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
- स्त्री तथा प्रसूति सेवा
- छाला तथा यौन रोग सेवा
- फिजिसियन (मधुमेह, प्रेसर, पेट, छाती तथा थाइराइड) सेवा
- नाक, कान, घाँटी रोग सेवा
- भिडियो एक्स–रे सेवा

नोट: ओपीडी सेवा, विहान ९ बजेदेखि ५ बजेसम्म । २४ सै घण्टा इमरजेन्सी तथा ICU सेवा

**सञ्जीवनी अस्पताल प्रालि**

बिर्तामोड–१, झापा (०२३–५४४२६०)

**३६ फुट मुख भएको आकर्षक घडेरी बिक्रीमा**





सम्पर्क
९८५११९८१९९,
९८४१४९७९९९

**आकर्षक घडेरी बिक्रीमा**




बिर्तामोड-६, बुद्धबारी अटो ल्याण्डभित्र रहेको ९ देखि १५ धुरका उपयुक्त घडेरीहरु बिक्रीमा छ ।

सम्पर्क: ९८५१०८८८२३६, ९८१५०१८०००





नेपालीहरुको महान पर्व बडादशैंको पावन अवसरमा हाम्रा समस्त ग्राहक, पाठक, विज्ञापनदाता, शुभचिन्तकलगायत देशविदेशमा रहनुहुने नेपालीमा सुख, शान्ति र समृद्धिको मंगलमय शुभकामना व्यक्त गर्दछौं । ***दशैं विदाका कारण पूर्वाञ्चल दैनिकको आगामी अंक असोज २७ गते सोमवारदेखि नियमित प्रकाशन हुने जानकारी गराउँदछौं ।***



श्री अन्नु प्रकाशन प्रा.लि.

**पूर्वाञ्चल दैनिक परिवार**

प्रधान कार्यालय : बिर्तामोड-१, (झापा)

Email: purwanchal2052@gmail.com / purwanchal@ntc.net.np URL : purwanchaldaily.com

# प्रधानमन्त्री ओलीले उद्घाटन गरेका तर सञ्चालनमा नआएका पाँच काम

**झापा, असोज १८।** निर्माण सम्पन्न भएपछि देशका कार्यकारी प्रमुखले उद्घाटन गरेका त्यस्ता निर्मित संरचना नियमित काममा आउँछन् भन्ने सर्वसाधारणलाई लागेको हुन्छ ।

कार्यकारी प्रमुखले उद्घाटन गरेको मात्र नभई सम्पन्न भएका विकासका संरचना पनि सञ्चालनमा आउनै पर्छ । नेपालमा भने त्यस्ता धेरै संरचना छन् जहाँ प्रधानमन्त्री केपी शर्मा ओलीलाई लगेर उद्घाटन गराइएका छन् तर काममा भने करिब एक वर्ष पुग्न लाग्दा पनि आउन सकेका छैनन् ।

प्रधानमन्त्री ओलीले उद्घाटन गरेका तर काममा नआएका विकासका कामहरू:

**१. काठमाडौंमा उद्घाटन गरिएको बिजुली बस**

गत वर्ष कात्तिक ६ गते लुम्बिनीमा सञ्चालन गर्नका लागि भनेर ल्याइएका बिजुलीबाट सञ्चालन हुने बसको उद्घाटन प्रधानमन्त्री ओलीले गरेका थिए । उनले उद्घाटन मात्र गरेनन् त्यही बसमा चढेर सिंहदरबारको यात्रा पनि गरेका थिए । तर, तिनै बस अहिले थन्किएर बसेका छन् । ती बस एशियाली विकास बैंकको सहयोगमा खरिद गरिएका हुन् । पर्यटन मन्त्रालयका अनुसार ती बस गुणस्तरीय छैनन् ।

मन्त्रालयका उपसचिव गोपीचन्द्र भण्डारीका अनुसार बसका पार्टपुर्जा र 'बडी' फरक-फरक देशमा बनेको पाइएकोले ती बस सञ्चालन गर्ने पक्षमा मन्त्रालय छैन । उनले भने- 'हामी बस नै फिर्ता लगेर अरू गुणस्तरका बस ल्याउनुपर्छ भन्दा ठेकेदारले मर्मत गरिदिन्छु भनेकाले कुरा मिलेको छैन ।'

मन्त्रालयले खोजेको गुणस्तरका बस ल्याउन नसकेको अवस्थामा ठेक्का तोड्ने मनस्थितिमा मन्त्रालय पुगेको बताइएको छ । मन्त्रालयका अनुसार अहिले त्यस्ता पाँचवटा बस ग्यारेजमा थन्किएका छन् ।

मन्त्रालयले खोजेको गुणस्तरको बसको मूल्य करिब डेढ करोड नेपाली रुपैयाँ पर्ने मन्त्रालयका उपसचिव भण्डारीले बताए ।

**२. विराटनगर नजिकको कृषि बजार**

विराटनगरनजिक कटहरी गाउँपालिका-१मा बनेको कृषि बजार प्रधानमन्त्री केपी शर्मा ओलीले गत चैत ३ गते उद्घाटन गरेका थिए । उनले उद्घाटन गरेको ६ महिना बितिसक्दा पनि उक्त बजार सञ्चालनमा आएको छैन ।

स्थानीय जनप्रिय माध्यमिक विद्यालयको ५ बिगाह २ धुर जग्गामा १३ करोड ७६ लाख ५४ हजार ७ सय १० रुपैयाँ लागतमा उक्त बजार निर्माण भएको हो । कटहरी गाउँपालिका कार्यालयका अनुसार उक्त बजार कसले सञ्चालन गर्ने भन्ने विषय नै टुङ्गो लागेको छैन ।

गाउँपालिकाकी उपप्रमुख मञ्जिताकुमारी सरदारले निर्माण गर्ने कम्पनीले जिम्मा नलगाएका कारण उक्त बजार उद्घाटन भए पनि प्रयोगमा आउन नसकेको बताइन् । उनले भनिन्- 'अहिले त त्यो विषयमा चर्चा पनि हुन छाड्यो ।'

**३. विराटनगरको बायोग्यास प्लान्ट**

गत साल भदौ ५ गते बिराटनगरको श्रीकृष्ण गौशालाले निर्माण गरेको बायोग्यास प्लान्ट उद्घाटन गर्दा प्रधानमन्त्री ओलीले भनेका थिए- 'अब घररघरमा पाइपबाट ग्यास ।'

उनले उक्त बायोग्यास प्लान्ट उद्घाटन गरेपछि अन्य कुनै पनि घरमा ग्यास जडान भएको छैन । उद्घाटनका बेला ३२ घरमा उक्त प्लान्टबाट ग्यास जडान गरिएको थियो । अहिले पनि त्यति नै रहेको गौशालाका अध्यक्ष शङ्करलाल अग्रवालले बताए । उनले भने- 'हामीले जे सोचेर बायोग्यास उद्घाटन प्रधानमन्त्री ओलीबाट गरायौँ, सो अनुसारको काम अगाडि बढेन, जहाँ थियो त्यहीँ छ । हाम्रो क्षमता चाहिँ करिब ७० घरधुरीको हो ।' अग्रवालले सर्वसाधारणले चासो नदिएकाले पनि ग्यास वितरणको प्रक्रिया अगाडि बढ्न नसकेको बताए ।

**४. भद्रपुरमा बनेको मेची पुल**



भारतको पश्चिम बंगाल र बिहार तथा पूर्वी दक्षिण झापा जोड्ने भद्रपुरमा मेची नदीमा बनेको पुल गत माघ १७ गते प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गरेका थिए । तर, अहिलेसम्म उक्त पुलमा सवारी सञ्चालन हुन सकेको छैन ।

बाइक, टेम्पो तथा हल्का सवारी साधन सञ्चालन भए पनि अन्य ठूला यात्रु तथा मालवाहक सवारी साधन सञ्चालन भएका छैनन् । ३५ करोड ९५ लाख रुपैयाँको लागतमा नौ वर्षमा उक्त पुल बनेको हो ।

भारतीय पक्षले पुल जोड्ने करिब ४०० मिटर सडक नबनाएको र नेपालतर्फ बन्ने सडकमा मुआब्जा विवाद रहेको जिल्ला समन्वय समिति झापाका प्रमुख सोमनाथ पोर्तेलले बताए ।

उनले भने- 'यस्ता संरचना बन्नलाई धेरै वर्ष लाग्ने गर्छ । त्यसबीचमा बाटो बनाउन सकिन्थ्यो । हाम्रै अदूरदर्शिताका कारण समस्या भयो । प्रधानमन्त्रीले उद्घाटन गर्नुभयो तर सञ्चालन गर्न सकिएन ।'

**५. प्रधानमन्त्रीकै निर्वाचन क्षेत्रको पशु बजार**

प्रधानमन्त्री केपी शर्मा ओलीको गृहनगर दमक नगरपालिकामा बनाइएको पशु बजार उनले नै गत साल चैत्र १८ गते उद्घाटन गरेका थिए ।

नयाँ आर्थिक वर्ष शुरू भएर तीन महिना बित्न लाग्दा पनि उक्त बजार सञ्चालनमा आएको छैन । दमक नगरपालिका वार्ड नं ७ स्थित पशुहाट परिसरमा रहेको करिब १५ करोड लागतमा व्यवस्थित पशुपक्षी बजारका लागि कम्पाउण्ड घेरा गरी बनाइएको भवन तथा अन्य संरचना प्रयोगविहीन छन् ।

विश्व बैंकको सहयोगमा व्यवसायिक कृषि तथा व्यापार आयोजनाले निर्माण गरेको पशु बजार प्रयोगमा आउन ढिलाई भएको मात्रै छैन पशुहाट परिसरबाहिर हरेक बुधवार सडकमा आवागमनमै अवरोध हुने गरी पशुपक्षी किनबेचका लागि राखिँदा सर्वसाधारणको आवागमनमा असहज हुने गरेको छ ।

दमक नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गणेशप्रसाद तिम्सिनाका अनुसार उक्त भवन उद्घाटन भए पनि प्रयोगमा आउने गरी बनाउन केही काम बाँकी रहेकाले प्रयोगमा ल्याउन नसकिएको हो । उनले भने- 'ठेकेदारले पानी निकास, बिजुली जडानलगायत केही काम गर्न बाँकी रहेकाले प्रयोगमा आउन नसकेको हो ।'

उमाकान्त खनाल/वीवीसी



## ४३ जिलेटिनसहित विप्लवका सेक्रेटरी पक्राउ

**विराटनगर, असोज १८।** नेपाल कम्युनिष्ट पार्टी नेकपा 'विप्लव' समूहका मोरङ सेक्रेटरी पक्राउ परेका छन् ।

सरकारद्वारा प्रतिबन्धित नेत्रविक्रम चन्द विप्लव समूहका मोरङ सेक्रेटरी कुमार खतिवडालाई प्रहरीले पक्राउ गरेको जनाएको हो । जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी उपरीक्षक विश्व अधिकारीका अनुसार खतिवडालाई विष्फोटको घटनामा संलग्न भएको आरोपमा पक्राउ गरिएको हो । उनीमाथि बेलबारीसहित विभिन्न स्थानमा बम विष्फोट गराएको आरोप छ । विराटनगरबाट फर्कदै गरेको अवस्थामा बूढीगंगा गाउँपालिकास्थित टंकीचोकबाट उनलाई पक्राउ गरिएको अधिकारीले जानकारी दिए ।

मोरङ सेक्रेटरी खतिवडालाई पक्राउ गरे लगत्तैले प्रहरीले विप्लव समूहले मोरङमा भण्डारण गरेर राखेको विष्फोटक पदार्थ बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय, मोरङले चलाएको अप्रेशनका क्रममा ४३ वटा जिलेटिन बरामद भएको हो ।

मोरङ प्रहरीका डीएसपी राजकुमार खिउजूका अनुसार समूहले तयार पारेको सहयोग रसिद र अन्य केही महत्वपूर्ण दस्तावेज पनि बरामद भएको छ ।

यसअघि १२ साउनमा झापाको इलाका प्रहरी कार्यालय, बिर्तामोडले झापामा विप्लव समूहले विष्फोटक पदार्थ भण्डारण गरेको ठाउँमा पनि छापा मारेको थियो । त्यसक्रममा २ सय ५ लोला विष्फोटक पदार्थ बरामद भएको थियो । दुवै अप्रेशनमा १ नं. प्रदेश प्रहरी कार्यालयको सहयोगमा भएको जनाइएको छ ।

## सहाराका कर्मचारीले विपन्न परिवारसँग मनाए दशैं




**बिर्तामोड, असोज १८।** सहारा नेपाल सहकारी संस्था लिमिटेडमा कार्यरत कर्मचारीले २ सय ३० भन्दा बढी महिलाहरुलाई लत्ताकपडा बितरण गरेका छन् ।

बिजयादशमीको अवसर पारेर उनीहरुले बिपन्न समुदायका सहारामा आवद्धहरुलाई एक सेट लुगा (साडी, चोलो, पेटिकोट, र बर्की) प्रदान गरेका हुन् । उनीहरुलाई लत्ताकपडासहित दशैंका लागि नगद ५ सय रुपैयाँको खुद्रा पैसा समेत प्रदान गरिएको सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थाका उपबिभागीय प्रमुख गोपाल भट्टराईले जानकारी दिए ।

प्रत्येक बर्ष सहारा नेपालमा कार्यरत कर्मचारीहरुले आफ्नो तलबको एक दिनको तलब बराबारको रकम जम्मा गरी सामाजिक काममा सहयोग पुर्‍याउँदै आइरहेका छन् । सोही कार्यलाई निरन्तरता दिँदै यस वर्ष पनि कर्मचारीको तर्फबाट विपन्न परिवारलाई दशैं मनाउन सहयोग उपलब्ध गराइएको सहारा नेपाल सहकारीमा कार्यरत कर्मचारी सुशीला बोहोराले जानकारी दिइन् ।

## पाउ पाथीभरामा दुर्गा भवानीको प्रतिमा

**बिर्तामोड, असोज १८।** नेपालीहरुको महान् पर्व बडा दशैंको अवसरमा झापाको चारआलीस्थित पाउ पाथीभरा मन्दिरमा दुर्गा भवानीको प्रतिमा प्रतिस्थापन गरिएको छ ।

बडादशैं अन्तर्गत शनिबार सप्तमी अर्थात् फूलपातीको दिन बिर्तामोडस्थित बीएण्डसी टिचिङ्ग हस्पिटलबाट दुर्गा माताको प्रतिमा सहित शोभा यात्रा गर्दै लगिएको थियो । शोभा यात्रालाई चारआलीस्थित नेपाली सेनाको एक टोलीले बुट्टाबारीस्थित काली मन्दिरबाट फूलपातीसंगै दुर्गाको प्रतिमा लिएर गएको थियो ।

सेनाको सलामीसहित गरिएको शोभायात्रामा सयौंको सहभागिता रहेको थियो । बाजागाजासहितको टोलीले पाउ पाथीभरामा पुगेर दुर्गा भगवतीको प्रतिमा प्रस्थिापन गरेको हो । पाथीभरा मन्दिरमा दुर्गामाताको प्रतिमा अनावरण गर्दै बीएण्डसी टिचिङ हस्पिटलका



कार्यकारी निर्देशक दुर्गा प्रसाईले माताले सबैलाई सकारात्मक बाटोमा लैजान प्रेरणा प्रदान गर्ने बताए ।

दुर्गामाताको प्रतिमा प्रस्थिापन गर्न पाएको भन्दै कार्यकारी निर्देशक प्रसाईले आफूले धार्मिक क्षेत्रमा समेत सहयोग गरिरहेको र पाउ पाथीभरा मन्दिरमा माताको प्रतिमा प्रतिस्थापन गर्न पाउनु आफ्नो अहोभाग्य भएको उल्लेख गरे । उनले पूर्वाञ्चल क्यान्सर अस्पताल निर्माणको अन्तिम चरणमा पुगेको र मंसीरबाट सञ्चालनमा ल्याउने समेत बताए ।

कार्यकारी निर्देशक प्रसाईले यसअघि इलामको कुटीडाँडामा रहेको पाथीभरा मन्दिरमा समेत दुर्गामाताको प्रतिमा प्रस्थिापन गरेका थिए ।

उनले पाथीभरा मन्दिरको विकास र समृद्धिका लागि जस्तोसुकै सहयोग गर्ने बचन दिएका छन् । शनिबारको शोभायात्रामा प्रमुख जिल्ला अधिकारी उदयबहादुर राना मगर, प्रहरी उपरीक्षक दिनेशराज मैनाली, बिर्तामोड नगरपालिकाका प्रमुख ध्रुवकुमार शिवाकोटी, नेपाल रेडक्रस सोसाइटी झापाका सभापति लोकराज ढकाल, चारआलीस्थित नेपाली सेनाका प्रमुख लगायत विशिष्ट व्यक्तिहरुको सहभागिता रहेको हस्पिटलका जनसम्पर्क अधिकारी प्रमिश गिरीले जानकारी दिए ।

## विपन्नको दशैं नयाँ पक्की घरमा

**भद्रपुर, असोज १८।** भद्रपुर नगरपालिकाले दशैंको अवसर पारेर अतिविपन्न सन्थाल परिवारलाई नयाँ पक्की घर दिएको छ ।

भद्रपुर-१को बाहाटोलका १० घर सन्थाल समुदायलाई पक्की घर दिइएको हो । दुई शयनकक्ष, एउटा भान्छाकोठा, शौचालय र बरण्डासहित प्रतिघर रु. चार लाख २६ हजारमा घर निर्माण गरिएको नगरपालिकाका इञ्जिनियर योगेन्द्र रञ्जितकारले बताए । उनका अनुसार विपन्नताको आधारमा छनौट भएका सन्थाल परिवारलाई घर निर्माण गरी दशैंको अवसर पारेर हस्तान्तरण गरिएको हो ।

भद्रपुरको वडा नं. १ र ३मा यस वर्ष २४ घर निर्माण गरिएको भद्रपुर नगरपालिकाका उपप्रमुख चन्द्रा श्रेष्ठले बताइन् । उनले बाँकी १४ घरको समेत निर्माण कार्य सकिनै लागेकाले तिहारअघि नै अन्य विपन्न परिवारलाई हस्तान्तरण गरिने जानकारी दिइन् । वर्षौंदेखि माटो र खरको घरमा जीवन गुजार्दै आएका सन्थाल समुदाय दशैंको बेला नयाँ पक्की घर पाएपछि खुशी भएका छन् ।

## हजुरबुबाले बनाएको घरमा नयाँ घरबास

**झापा, असोज १८।** झापा बुद्धशान्ति गाउँपालिकाका एक युवकले आफ्ना हजुरबुबाले बनाएको पुरानो घरलाई 'घरबास' का रुपमा सञ्चालन गरेका छन् ।

झापाको बुद्धशान्ति-२ बुधवारेमा काठमाडौं निवासी ३१ वर्षीय समरेन्द्र प्रसाईंले ५० वर्षअघि हजुरबुबाले बनाएको घरमा घरवास सञ्चालन गरेका छन् ।

झापाको बुधवारे बजारबाट एक किलोमिटर पश्चिम जयपुर जाने बाटोको दक्षिणपट्टि एउटा चिटिक्क परेको घर छ । घर अगाडि साइनबोर्डमा लेखिएको छ- 'फार्महाउस होमस्टे' । बाहुनडाँगी र गौरादहपछि झापाको बुधबारेमा यस्तो होमस्टे (घरवास) खुलेको हो ।

फराकिलो आँगन, बारीमा भोगटे, सुपारी, लिची, आँप, चारपाटे, अम्बाजस्ता फलफूलको बगान । गोठमा एक माउ गाई र खोरमा खरायो र कुखुरा उफ्रिरहेको देखिन्छ । बाटो हिँड्नेहरुको नजर यो होमस्टेमा पर्ने गरेको छ । काठको बलियो टाढेघरलाई सिमेन्टका संरचनाले सिंगारिएको यो घरको भुइँतलामा चार र टाँडमा चार मनमोहक कोठा छन्, जसले पर्यटकलाई पर्खिरहेका छन् । सबै कोठामा एटेच बाथरुम छ । बिजुली, धारा, वाइफाइ सबै सुविधा छ ।

यसै वर्षदेखि शुरु भएको फार्महाउस घरवासका सञ्चालक प्रसाईं शहरिया र बाह्य पर्यटकले गाउँको वातावरण र खानपिन रोज्ने भएकाले त्यही माग पूरा गर्न घरवास स्थापना गरेको बताउँछन् । यो घरावासमा चियादेखि भात, सागसब्जी र मासु पनि आफ्नै घरबारीमा उत्पादन भएको पाक्ने गरेको प्रसाईंले बताए । सागसब्जीका लागि बारीमा टनेलभित्र विभिन्न खेती गरिएको छ ।

खासमा यो घरवास भएको घर मेरो हजुरबुवाले ५० वर्षअघि बनाउनु भएको आवास हो- समरेन्द्र भन्छन्- पढ्ने क्रममा हामी काठमाडौं आइहाल्यौं, त्यो घर खाली नै रह्यो, अनि मैले यसलाई नयाँ स्वरुप दिएर होमस्टे बनाएँ । द्वन्द्व व्यवस्थापनमा श्रीलङ्काबाट स्नातकोत्तर गरेका ३१ वर्षीय समरेन्द्र डब्लुडब्लुएफका कन्सल्टेन्ट हुन् ।

## वारलाई तीन दिनमै सय करोड



ऋतिक रोशन र टाइगर श्रफको एक्सन फिल्म वारले तीन दिनमा १ सय करोडको कलेक्सन गरेको छ ।

पहिलो दिन ५३ करोड कमाएको फिल्मले दोस्रो दिन २४ र तेस्रो दिन २२ करोडभन्दा माथिको कारोबार गरेको हो । यससँगै सन् २०१९ मा रिलिज भएका फिल्महरुमध्ये सबैभन्दा छिटो सय करोड कमाउने फिल्म बनेको छ वार । सलमान खानको फिल्म भारतले ४ दिनमा १ करोड कमाएको थियो भने कविर सिंह, मिसन मंगल र साहोले ५ दिनमा यो आंकडा छोएका थिए । ऋतिककै यस वर्षको हिट फिल्म सुपर ३० ले सय करोड कलेक्सन गर्न १० दिन कुर्नु परेको थियो ।

## 'कबड्डी...' लाई ११ करोड



असोज ३ गतेबाट रिलिज भएको चलचित्र 'कबड्डी कबड्डी'को निर्माणपक्षले १४ दिनको व्यापारिक रिपोर्ट सार्वजनिक गरेको छ ।

चलचित्रको टिमले सार्वजनिक गरेको रिपोर्ट अनुसार, यो चलचित्रले असोज १६ गतेसम्म ११ करोड ३ लाखको ग्रस व्यापार गरेको छ ।

पहिलो साता ७ करोड भन्दा माथिको ग्रस कलेक्शन गरेको चलचित्रले १४ दिनमा ११ करोडको व्यापार गर्दै चलचित्र 'कोहिनुर' को १० करोड हारहारीको व्यापारलाई उछिनेको छ ।

निर्माणपक्षले दिएको जानकारी अनुसार, यो चलचित्रले काठमाडौमा ६ करोडको हारहारीमा व्यापार गरेको छ । काठमाडौ बाहिर चलचित्रको व्यापार ५ करोड छ । चलचित्र अझै पनि केही हलमा चलिरहेको र दशैंको बिदा भएकाले व्यापार उच्च हुने अपेक्षा यसका निर्माताको छ ।

हार्दिक शुभकामना

बडादशैं, दीपावली एवम् छठ पर्व– २०७६ को पावन अवसरमा हाम्रा समस्त ग्राहकवर्ग, शुभचिन्तक लगायत देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीवहिनीहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. विष्णु थापा
तथा कञ्चन फर्निचर उद्योग एवम्
कञ्चन सप्लायर्स परिवार, अर्जुनधारा–८, शनिश्चरे, झापा

भिटा विक्रीमा

बिर्तामोड–१ देवी पञ्चकन्या प्लटिङमा १ कठ्ठा भिटा सस्तोमा अर्जेन्ट विक्रीमा छ ।
२० फुटे बाटो । ४० फुट मुख । ९२ फुट लम्बाई । वरिपरि प्लम उठाइएको ।
लोकेशन : (देवी पञ्चकन्या प्लटिङको आइलेण्ड (गोलाई)बाट थोरै उत्तर पश्चिम ।
अर्थात् मोहनमाया स्कूल उत्तरको पार्टी प्यालेसबाट थोरै उत्तर पूर्व)
उच्च ठाउँ र शान्त वातावरण भएकाले घर आवासका लागि अति उत्तम ।
तत्काल पास गर्नेले सम्पर्क गर्नुहोला ।
मो. ९८२३७२६९७९

कर्मचारी आवश्यकता

कुक : २ जना
वेटर : ४ जना
किचन हेल्पर : २ जना
दशैं नमनाउनेहरु कोही इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्कः ९८१४९९७८८७

Private / Open SEE 2076

प्राईभेट SEE. कक्षा-१० को आठ ओटै विषयका तयारी कक्षाहरुमा भर्ना खुल्यो ।
कक्षा-८ पास गरी अध्ययन छाडेका, कक्षा-९, १० वा SLC फेल भई बसेका विद्यार्थीहरूले यस वर्ष नै SEE पास गर्न सक्नेछन ।
पाइथागोरस एजुकेशन फाउण्डेशन
अतिथि सदन रोड, बिर्तामोड
फोन. 023-544975 , मो.नं. 9807927033

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह–सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी–९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३–५४१००२/प्रशासन/विज्ञापन : ०२३–५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल
सम्पादकीय

## हामीभित्रको रावणको अवसान होस्

**नेपालीको महानवर्ष वडादशैं फूलपातीका दिनदेखि घरभित्रै पसिसकेको छ । सप्तमी तिथिका दिनदेखि दशैंको रौनकले झपक्कै छोप्छ नेपालीलाई । यही दिनदेखि सार्वजनिक विदा हुने हुँदा टाढा–टाढा रहेका परिवारका सदस्यहरु घर आइपुगेका छन् भने कति आउँदैछन् । पारिवारिक मिलन, विगतको स्मरण र सद्भावनाको यो पर्वको बेग्लै महत्व छ दशैंको । हिमाल, पहाड, तराई र उपत्यका सबैतिरका बासिन्दाले समान हर्ष र उल्लासपूर्वक मनाउने दशैंमा दुर्गा भवानीको विशेष पूजा आराधनासहित पारिवारिक मिलनले नयाँ ऊर्जा र उत्साह प्रदान गर्दछ ।**

**यतिबेला शक्तिपीठहरुमा भक्तजनहरुको भीडभाड छ । यो अझै दुई दिनसम्म रहन्छ र दशमीका दिन नवरात्रमा गरिएको पूजा विसर्जन गरी प्रसादका रुपमा पहेंला जमरा र रातो टीका लगाएर घुमफिर गर्नुमा बेग्लै आनन्द प्राप्त हुन्छ । अझ परदेश गएका परिवारका सदस्यसँगको मिलनले दिने हर्षको अनुभूति बेग्लै हुन्छ । वैदिक सनातनी परम्परामा दश टाउको भएको रावणलाई वध गरेर सत्य र न्यायको जीत भएको खुशियालीमा मनाउने चाड बडादशैंले सबैलाई सत्यका पक्षमा रहन प्रेरणा दिनुपर्दछ । यही विजायदशमीका दिन महिषासुर नाम गरेको राक्षसलाई देवी भगवतीले वध गरेका दिनका रुपमा समेत मनाइने दशैं मूलतः मानवता, सत्य र न्यायकै पयार्य हो ।**

**वैदिक सनातनी परम्परा भएका विश्वभर छरिएका मानिसले मनाउने दशैं एक नाशको छैन । टीका, जमरासहित मान्यजनसँग आर्शिवाद लिने प्रचलन सम्भवतः नेपालीको मात्रै हो । नेपालीमा मात्रै टीका लगाउँदा आशीर्वचनका रुपमा भनिने मन्त्र महिला र पुषको बेग्लाबेग्लै छ । तर, पनि दुबै मन्त्रले सत्कर्म, सदाचार मर्यादा र अनुशासनको पाठ सिकाएको छ । यसै सन्दर्भलाई जोडेर देवीलाई प्रसन्न तुल्याउने नाममा अनेक जीवको हत्या गर्ने लैकिक प्रचलन छ । त्यही जीवको अंश खानुलाई मीठो मान्ने प्रचलन संस्कार होइन केवल निर्धा, अबोला र निमुखा जहिल्यै दमित हुन्छन् भन्ने अहम् प्रदर्शन गर्ने पद्धति भनेर तर्क गर्नेहरु पनि छन् ।**

**आफ्नो स्वार्थका लागि कसैको हत्या गर्नु मानवीयता हुन सक्दैन । तर, पनि परम्परा जस्तै भएको यस्ता पद्धतिलाई तर्क, संवेदना र मानवीयताका आधारमा पुनर्मूल्याकंन गर्ने बेला पनि यही हो । तसर्थ, हामी सबैका घरमा डेरा जमाइसकेको दशैंले सबैलाई सकारात्मक हुन, क्रुरताको बलि चढाउन प्रेरणा दिओस् । साँचो बोल्न, सत्कर्म गर्न, हिंसा त्याग्न र सत्यको बाटोमा हिँड्न अहंकार मुक्त हुन ऊर्जा प्राप्त होस् । भ्रष्टाचार, व्यभिचार, अनाचार, दुराचार र अत्याचार नामको रावणको अन्त्य गर्न र आफूभित्रको रावणलाई परास्त गर्न सक्ने ऊर्जा र उत्साह दुर्गा भगवतीले सबैका घर–घरमा भरिदिनुहोस् वडादशैंको हार्दिक मंगलमय शुभेच्छा प्रकट गर्दछौं ।**

# दशैंमा दिइने आशीर्वादको महत्व



ज्यो. मधुसूदन रिजाल

हाम्रो समाजमा आशीर्वादको ठूलो महत्व रहेको छ। ठूला बडा मान्यजनको आशीर्वाद बिना कुनै कार्य गर्न सम्भव छैन भन्ने मान्यता रहेको छ। वास्तमा यो कुरा सत्य पनि हो। यात्राको शुभारम्भ वा कतैबाट आउँदा होस् आमा बुबा, गुरु वा अन्य मान्यजनको आशीर्वाद लिने चलन रहेको छ। अधिकांश चाड पर्वमा पनि ठूला वडाब्यक्तिको आशीर्वाद नलिकन पर्व शुरु हुँदैन। आशीर्वाद लिँदा पाउमा ढोग्ने र आशीर्वाद दिनेले शीरमा हात राखिदिने चलन रहेको छ।

गुरु परम्परामा पनि यस्तै चलन रहेको छ। भाग्यमानी हुनु, चिताएको पुगोस्, धनधान्यले परिपूर्ण हुनु, शत्रु नलागुन्, परिवारमा सुखसयल रहोस्, शु-स्वास्थ्य रहनु आदि आदि धेरै शब्दहरु रहेका छन् आशीर्वादमा। दशैंको टीकाको दिन सबैभन्दा धेरै महत्व रहेको छ, आशीर्वादको। हाम्रा मान्यजनले के कस्तो आशीर्वाद दिने गरेका छन् त ? यसको अर्थ के रहन्छ।

*आयुर्द्रोणसुते, श्रीयं दशरथे*
*शत्रुक्षयं राघवे, ऐश्वर्यं नहुषे*
*गतिश्च पवने, मानं च दुर्योधने।*
*सौर्यं सान्तनवे, बलं हलधरे*
*सत्यं च कुन्तीसुते, विज्ञानं विदुरे*
*भवन्तु भवतां कीर्तिश्च नारायणे ॥*

आयुर्द्रोणसुते- गुरु द्रोणचार्यको छोरा अश्वत्थामा जस्तो आयु होस्। अश्वस्थामा अष्ट चिरञ्जिवी जस्तो (बलि, व्यास, हनुमान, विभिषण, कृपाचार्य, परशुराम, अश्वस्थामा र मार्कण्डेय) मध्येका एक हुन। यी अष्ट चिरञ्जिवी अहिलेसम्म पनि जीवितै रहेका हुँदा जन्मोत्सव गर्दा यिनै अष्ट चिरञ्जिवीको पूजा गरिन्छ। यस्तै गरेर सधै बाँचिरहनु भन्ने आशयले आयु द्रोणका छोरा अश्वस्थामाको जस्तो होस् भनेर आशीर्वाद दिँदा भनिएको हो।

श्रीयं दशरथे- श्रीयं भनेको सम्पत्ति, अयोध्याका राजा दशरथको जस्तो रहोस्। ऋषिहरुले यज्ञको निमित्त दशरथसँग धैरै धन राशि माग गर्थे, राजाले मागे बमोजिम दान दिन्थे। तर, पनि उनको सम्पत्ति कहिल्यै घट्दैन थियो। प्राण जाये वचन नजाए सिद्धान्त बोकेका अत्यन्तै दयालु राजाको जस्तो दान गर्न सक्ने सामर्थ रहोस् भन्ने अर्थमा श्रीयं दशरथे भनेर भनिएको हो।

शत्रुक्षयं राघवे- शत्रुलाई नाश गर्ने रामचन्द्रको जस्तो क्षमता रहोस्। हजारौं राक्षसको समूहमा एक्लै रामले विजय प्राप्त गरेका थिए। उनको धनुषकाणको अगाडि कोही पनि जीवित रहन सक्दैन थियो। शत्रुलाई पराजित गरेर आफ्ना प्रजालाई उनले सुरक्षित राखेका थिए। अतः एवम् यस्तै क्षमता रहोस् भन्ने मनशायले आशीर्वादमा यो शब्द लगाइएको हो।

ऐश्वर्य नहुषे- नहुष राजाको कथा पुराणमा आउने गर्दछ। यिनले स्वर्गका राजा ईन्द्रलाई पनि हराएका थिए। यिनका शैनिकको अगाडि देवताहरुले पनि हार खानु परेको थियो। यस्ता पराक्रमी राजाको जस्तो सर्वोच्च शक्ति होस् भन्ने कामनाले यस्तो आशीर्वाद दिएको हो।

गतिश्च पवने- वेग वा गति हावाको जस्तो होस्। रामभक्त हनुमान वायू देवताका छोरा हुन। आकाश मण्डलमा चारैतर्फ उड्न सक्ने (वायू विमान)को जस्तो हुनाले यिनै पवन पूत्र हनुमानको जस्तो गति होस। अर्थात् कुनै पनि कार्य छिट्टै गर्न सकियोस्। वायूको जस्तो सर्वत्र कीर्ति फैलियोस् भन्ने कामना स्वरुप दिएको आशीर्वचन हो।

मानं च दुर्योधने- आजसम्म दुर्योधन जस्तो मान सम्मान पाउने कोही पनि छैन। कौरवका छोरा दुर्योधनलाई ठूला-ठूला ऋषि महर्षिदेखि लिएर सबैले मान सम्मान गर्दथे। यस्तो उच्च मान-सम्मान सधैभरि पाईराख्नु भन्ने कामनाले आशीर्वाद वचनमा दुर्यो धनको नाम जोडिएको हो।

सौर्य सान्तनवे- सौर्य अर्थात् पराक्रम, सान्तनवे अर्थात् सन्तनु (भीष्मपिताम्मह)को जस्तो तेज पराक्रम होस्। जसले आफ्ना पिताको लागि आजीवन ब्रम्हचारी बस्ने बाचा गरे। सारा जीवन अरुको लागि समर्पित गरे। आफूले पाउने राज सिंहासन अरुलाई नै सुम्पि लोभ लालचको बलिदान दिए। उनका अगाडि ठूला-ठूला योद्धा पनि हार खान्थे। उनले आफ्नो प्राणशक्तिलाई आफ्नै नियन्त्रणमा राखेका थिए। यस्ता महापराक्रमी प्राणलाई पनि आफ्नो बशमा गर्न सक्ने सान्तनुका छोरा जस्तो सौर्य होस्।

बलं हलधरे- बलरामको जस्तो बल होस्। भगवान कृष्णका भाइले सधैभरि हलो बोक्ने भएका हुनाले यिनलाई हलधरे भनिएको हो। कृष्णलाई श्यामन्तक मणि चोरको आरोप लगाएको बेलामा यिनले जाम्बवन्तको पुरै देश हलोको माध्यमद्वारा तान्न खोजेका थिए। यिनको बलको अगाडि कसैको केही चल्दैन थियो। यिनले पृथ्वीलाई नै तहस-नहस पार्न सक्थे। यस्तै बलशाली हुन भन्ने अर्थमा आशीर्वाद दिएको हो।



सत्यं च कुन्तीसुते- पाँच पाण्डवकी आमा कुन्ती जसका जेठा छोरा युधिष्ठिर हुन। जसलाई धर्मराज भनिन्छ। यी धर्म राजले जीवनभरि कहिल्यै पनि असत्य बोलेनन्। जुन कुराले आफूलाई नै दुःख-कष्ट पर्ने हुँदा पनि यिनले कहिल्यै झुठो बोलेनन्। यस्ता सत्यवादी राजाको जस्तो सधैभरि सत्य बोल्नु भन्ने कामनाले आशीर्वाद दिएको हो।

विज्ञानं विदुरे- ज्ञान-विज्ञान विदुरको जस्तो होस्। आजभोलि पनि विदुर नीति भन्ने पुस्तक पाइन्छ। जहाँ ज्ञान र विज्ञानको अपार भण्डार रहेको छ। महाभारत कालीन समयमा यिनले लेखेको ज्ञानको नीति अहिलेसम्म पनि उत्तिकै प्रभावकारी रुपमा रहेको छ। यस्तै ज्ञान विज्ञानमा दूरदर्शी हुनु भन्ने कामना गरिन्छ।

भवन्तु भवतां- (अश्वत्थामा, दशरथ, राम, नहुष, हनुमान, दुर्योधन, भीष्म, बलराम, यधिष्ठिर, विदुर) यी सबै जस्तो हुनु।

कीर्तिश्च नारायणे- सम्पूर्ण चर चराचरका मालिक भगवान नारायणको जस्तो कीर्ति फैलियोस्। भनेर दशैंको टीका लगाउँदा आशीर्वाद दिने चलन रहेको छ। यस्तो आशीर्वाद लिएमा सबै प्रकारको फल माथि भनिए झै पाइन्छ।

*स्वस्त्यस्तु ते कुशलमस्तु चिरायुरस्तु*
*गो-वाजि-हस्ति-धन-धान्य-समृद्धिरस्तु।*

*ऐश्वर्यमस्तु बलमस्तु*
*रिपुक्षयोऽस्तु*
*वंशे सदैव भवतां हरिभक्तिरस्तु ॥*
*श्रीर्वर्चस्वमायुष्यमारोग्यमाविधात् पवमानं महीयते।*
*धान्यं धनं पशुं बहुपुत्रलाभं शतसंवत्सरं*
*दीर्घमायुः ॥*

अर्थात् धन, आयु, आरोग्य, मान, अन्न, पशु, धेरै सन्तान र यस वर्षसम्म बाच भन्ने तिलकाशीर्वादः दिने चलन रहेको छ। आशीर्वाद दिनेले उच्च आशनमा बस्नुपर्ने र आशीर्वाद लिनेले नीच आशनमा रहेर आशीर्वाद माग्नुपर्ने हुन्छ। यस्ता वेदमा रहेका अमृत आशीर्वाद वचनले निश्चय नै उन्नती प्रगती हुन्छ। आफूभन्दा ठूला वडाजनको आशीर्वादले मनुष्यको जीवन समुज्वल बन्दछ।

## करेन्ट लाग्दा श्रीमान्को मृत्यु, श्रीमती घाइते

**झापा, असोज १८।** झापाको कमल गाउँपालिका-३ केर्खाचौकमा करेन्ट लाग्दा श्रीमान्को मृत्यु भएको छ भने श्रीमती घाइते भएकी छिन्।

६१ वर्षीय बिष्णुप्रसाद चौलागाई र उनकी श्रीमती ६१ वर्षीया पम्फादेबी चौलागाईलाई आफ्नै नयाँ घरमा पानी लगाउने क्रममा करेन्ट लागेको थियो। करेन्ट लागेर घाइते भएका दुबैजनालाई उपचारको लागी लाईफलाईन अस्पताल दमक लगिएकोमा विष्णुप्रसादको बाटैमा मृत्यु भएको प्रहरीले जनाएको छ।

त्यस्तै उनकी श्रीमती पम्फादेवीको नोबेल अस्पताल बिराटनगरमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

## मोटरसाईकल दुर्घटनामा एकको मृत्यु

**झापा, असोज १८।** झापाको कमल गाउँपालिका-१ रतन चौनस्थित भित्री सडकखण्डमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने एकजना घाइते भएका छन्।

उत्तरबाट दक्षिणतर्फ जाँदै गरेको बा २९ प ७२१५ नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना भएको र दुर्घटनामा दुबैजना घाइते भएको इलाका प्रहरी कार्यालय गौरादहले जनाएको छ।

घाइते दुबै जनालाई उपचारका लागि लाईफलाईन अस्पताल दमक लगेकोमा मोटरसाइकलमा पछाडी सवार गौरादह नगरपालिका-१ बस्ने ५५ वर्षीय बिष्णुबहादुर कटवालको बाटोमा नै मृत्यु भएको प्रहरीले जनाएको छ।

त्यस्तै, मोटरसाइकल चालक काठमाडौंको तानेश्वर नगरपालिका-६ का २० वर्षीय बिशाल थापाको सोही अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

## ढिस्कोले पुरिएर एक घाईते

**तेह्रथुम, असोज १८।** तेह्रथुमको छथर गाउँपालिका-५ कि २६ बर्षीया सीता विक माटोको ढिस्कोले पुरिएर घाइते भएकी छिन्।

विक घर नजिकै रातमाटे भन्ने स्थानमा गई घर पोत्नका लागि रातो माटो खन्ने क्रममा अचानक माथिबाट खसेको माटोको ढिस्कोले पुरिदा घाइते भएकी हुन्।

घाइते विकलाई अस्थायी प्रहरी चौकी ओखेबाट गएको प्रहरीको टोलीले स्थानीयबासी समेतको सहयोगमा उद्धार गरेको थियो। उनको प्राथमिक स्वास्थ्य केन्द्र ओखेमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय तेह्रथुमले जनाएको छ।

## झापामा हवाई फायरिङ गर्दै फुलपाती भित्र्याइयो

**भद्रपुर, असोज १८।** झापा जिल्लामा विशेष पूजा अर्चना गर्दै दशैंघरमा शनिवार फुलपाती भित्र्याइएको छ।



भद्रपुरमा माता दुर्गा भवानीको विशेष पूजा अर्चनाका फुलपाती भित्र्याइयो। भद्रपुर-६ स्थित सार्वजनिक दुर्गा मन्दिर समितिले मन्दिरमा परिसरमा आयोजना गरेको विशेष कार्यक्रमकाबीच फुलपाती भित्र्याएको हो।


सोही अवसरमा मन्दिर परिसरभित्रै नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीले संयुक्त रूपमा दुर्गा मातालाई सलामी अर्पण गरेका थिए। मन्दिरमा पूजाआजा पश्चात् जिल्ला स्तरीय प्रहरी, प्रशासन प्रमुख, जनप्रतिनिधि, सरकारी कार्यालयका प्रमुख, नागरिक समाज, बालबालिका, आयोजक समिति लगायतको सहभागितामा बाजागाजासहित निकालिएको ऱ्यालीले भद्रपुर बजार परिक्रमा गरेको थियो।

झापाका सहायक प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद निरौलाले भद्रपुर भन्सार कार्यालयमा धार्मिक परम्परा अनुसार विशेष पूजापाठ गर्नुका साथै जमरा, होम, बलि तथा बढाइ दिएका थिए। त्यस्तै भन्सार परिसरभित्रै नेपाली सेना, नेपाली प्रहरी र सशस्त्र प्रहरीले सलामी दिएका थिए भने नेपाली सेनाले हवाई फाइरिङ गरेर सलामी दिएको जनाइएको छ।

त्यसैगरी बिर्तामोड-५ नयाँबस्तीमा समेत फुलपाती भित्र्याइएको छ। प्रगति फुलबारी किर्तन मण्डली बिर्तामोड-५ नयाँबस्तीमा आयोजना गरिएको सामुहिक दुर्गापूजास्थलमा फुलपाती भित्र्याइएको मण्डलीका सल्लाहकार नारायण पराजुलीले जानकारी दिए।


भक्तजन तथा स्थानीयबासीको सहभागितामा पूजा स्थलबाट शुरु भएको फुलपातीसहितको ऱ्यालीले बिर्तामोडको दुर्गा मन्दिर परिक्रमा गरेर दशैंघरमा फुलपाती भित्र्याएको किर्तन मण्डलीकी अध्यक्ष धनकुमारी पराजुलीले जानकारी दिइन।

# दशैंमा के खाने, कसरी खाने ?



डा प्रणिती सिंह

स्वास्थ्य खबर



चाडबाडमा मासुसँगै मौसमी फलफूल र सागसब्जीलाई भान्सामा समावेश गर्न सकियो भने खाना पचाउन र रोगबाट बच्न सकिन्छ ।

दशैं भन्ने बित्तिकै मिठो खाने र राम्रो लाउने चाड भन्ने आमबुझाइ छ। त्यसैले दशैंमा आ-आफ्नो गच्छेअनुसार सबैका घरमा नयाँ लुगा लगाउने र मिठो परिकार पाक्ने गर्छ।

दशैंमा सबैभन्दा बढी खपत मासुकै हुन्छ। हुनेखानेका घरको चुल्होमा मात्र नभएर हुँदा खानेहरुले पनि ऋण नै काढेर भए पनि मासुको स्वाद लिन्छन् दशैंमा। यो चाडमा अधिकांश नेपालीको भान्सामा खसीको मासु पाक्छ। त्यसका अलावा कुखुराको मासु र माछा पनि अत्यधिक प्रयोग हुन्छ। मासुमा अत्यधिक मरमसाला र चिल्लोको प्रयोग गरी पकाउनुका साथै अमिलो-पिरो खानेकुरा पनि उति नै पाक्ने गर्छ।

दशैंमा १० पटक खानुपर्छ भन्ने मान्यता छ, त्यसैले अन्य बेलामा भन्दा बढी खानेकुरा पाक्छन्। दशैंमा मासुका विभिन्न परिकार बनाई बिहान, दिउँसो र साँझ मुख्य परिकारका रुपमा खाने प्रचलन छ। स्न्याक्समा पनि मासुकै प्रयोग बढी हुन्छ। दशैंका बखत कार्यालयका साथै शिक्षण संस्थाहरु पनि बन्द हुने भएकाले सबै फुर्सदमा हुन्छन्। दशैंमा घरमै बसी परिवारका साथमा होस् या साथीभाइ आफन्तसँग मदिराजन्य पदार्थको सेवनसँगै जुवातास खेल्ने, टिभी हेर्ने, साथी जम्मा भएर गफ गरेर समय बिताउने चलन छ। शारीरिक कसरत कम हुने र खाना पनि चिल्लो र मसालायुक्त हुन्छ, जसले गर्दा मोटोपन बढाउने र दीर्घ रोगीहरुलाई रोग बल्झने सम्भावना प्रबल हुन्छ।

मधुमेह, उच्च रक्तचाप भएका बिरामीले यस्तो खानेकुरा खाँदा रोग बढ्ने र फ्याटिलिभर बढ्ने गर्छ। साथै निरोगी मानिस पनि आफ्नो वजन बढी भई वा अन्य दीर्घरोग लागेर अस्पताल धाउने गर्छन् चाडबाड सकिना साथ।

दशैंमा अत्यधिक रातो मासुको प्रयोग गर्नाले युरिक एसिडका बिरामी बढ्ने गर्छन्। यसको मुख्य कारण भनेको चाडबाडमा अन्य बेलाको भन्दा बढी खानेकुरा खाने तर आफ्नो स्वास्थ्यको ख्याल नराख्नु नै हो।

चाडबाडमा रमाइलो गर्नुपर्छ, मिठो खानुपर्छ तर मिठो खाने भन्दैमा अत्यधिक मात्रामा माछा, मासु, मैदाले बनेका परिकार र चिनीबाट बनेका खानेकुरा खानु हुँदैन। दशैंमा मासु खानै हुँदैन भन्ने होइन, तर सन्तुलन मिलाएर खानुपर्छ। त्यसो भयो भने कुनै समस्या हुँदैन।

सन्तुलित भोजनले स्वास्थ्यलाई फाइदा गर्छ। जस्तैः एकदिन कुखुराको मासु खाने, अर्को दिन माछा खाने र खानामा मौसमी सागसब्जीको उपभोग गर्न सकिन्छ। यसरी खाना खाएमा निरोगी हुन मद्दत गर्छ। १० पटक खाने भनेर जति बेला पनि मासु खानैपर्छ भन्ने मान्यता गलत हो। फलफूल, सलाद, भटमास साँदेर पनि खान सकिन्छ। आफ्नो शरीरले मागेको जति खानेकुरा खाएर पनि चाडबाड मनाउन सकिन्छ।

चाडबाडमा मासुसँगै मौसमी फलफूल र सागसब्जीलाई भान्सामा समावेश गर्न सकियो भने मासु राम्रोसँग पचाउन मद्दत गर्छ र रोगबाट बच्न सकिन्छ। खानामा दैनिक रुपमा फलफूल समावेश गर्न सकियो भने भिटामिन र मिनिरल प्रशस्त मात्रामा पाउन सकिन्छ। मासुलाई उसिनेर राम्रोसँग छाला निकालेर थौरै तेलमा पकाएर खानु स्वास्थ्यकर हुन्छ। दशैंमा खानाका साथसाथै स्वास्थ्यको पनि ख्याल राख्नुपर्छ। दैनिक आधा घण्टा आफ्नो लागि समय निकालेर शारीरिक कसरत गर्नाले रोग नियन्त्रण हुनुका साथै खाना पच्न मद्दत गर्छ।

*(डा. सिंह पोषणविद् हुन्।)*

## एकल महिला र वृद्धालाई साडी

**भद्रपुर, असोज १८।** बडादशैं पर्वलाई लक्षित गर्दै भद्रपुर मारवाडी संघले एकल महिला र वृद्धालाई साडीसहित नगद रकम वितरण गरेका छन्।

मारवाडी अग्रवाल समुदायको गुरु प्रवर्तक अग्रसिरोमणि श्री महाराजा अग्रसेनको ५१४३औं जयन्तीको अवसरमा संघले भद्रपुर नगरपालिका- ६ का २५ जनाभन्दा बढी एकल महिला र वृद्धाहरुलाई साडीसहित नगद रकम वितरण गरेको हो।

महिलाहरुलाई वितरण गरिएको साडी समाजसेवी दिनबन्धु गोयलले उपलब्ध गराएका हुन्। सोही कार्यक्रममा नेपाली कांग्रेसका वरिष्ठ नेता कृष्णप्रसाद सिटौला, प्रदेश सांसद ओमप्रकाश सरावगी, समाजसेवी दिनबन्धु गोयल, बालचन गोयल, बंशिधर बंशल, प्रयागचन्द्र मित्तल लगायतलाई सम्मान गरिएको थियो।



मारवाडी संघका अध्यक्ष महेश मित्तलको अध्यक्षता तथा कांग्रेस नेता सिटौलाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा प्रदेश सांसद सरावगी, भद्रपुर नगरपालिकाका प्रमुख जीवनकुमार श्रेष्ठ, दिनबन्धु गोयल, ७ नम्बर वडाध्यक्ष विनोद पोखरेल, कांग्रेसका क्षेत्रीय सभापति गणेश पोखरेल, उद्योगी पशुराम अग्रवाल, संघका उपाध्यक्ष अजय साहेवाला लगायतले शुभकामना दिएका थिए। कार्यक्रमको सञ्चालन महिला मञ्चकी निलम गोयलले गरेकी थिइन्।

## न्यूटन्स् र एभरेष्टका अभिभावकलाई अमेरिकाबाट १२ सन्देश

# एक महिने विदामा नानीहरुको यसरी ख्याल गरिदिनुहोस्

**बिर्तामोड, असोज १८।** नेपालीको ठूला चाडपर्वको सन्दर्भमा अधिकांश विद्यालय एक महिनाका लागि विदा छन्। शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक सबै चाडपर्वलाई आ-आफ्नै तरिकाले मनाउन व्यस्त हुन्छन्। बाँकी समय आ-आफ्नै ढंगले बित्छ। त्यो बेला कतिले बालबालिकाप्रति चासो कमै दिन्छन्।

तर, बिर्तामोडस्थित न्यूटन्स एजुकेशन एकाडेमी र एभरेष्ट स्मार्ट एजुकेशन एकेडेमीले चाडपर्वको बेलामा समेत आफ्ना विद्यार्थीप्रति चासो व्यक्त गरेका छन्। न्यूटन्स र एभरेष्टले यो लामो विदामा आफ्ना नानीहरुका लागि अभिभावक समक्ष १२ बुँदे सन्देश पठाएको छ। सन्देशले नानीहरुलाई संस्कार सिकाउने र स्वस्थ रहन जोड दिएको छ।

